नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाण्डौं

**प्रकाशित मिति: २०७८/१२ /१७**

सिद्धान्त क्याम्पस गैडाकोट नवलपरासी (सुस्तापूर्व) मा विएस्सी फरेष्ट्री (B.Sc.Forestry) विषयको छात्रवृत्तिमा पूर्वमनोनयन सूची प्रकाशन गरिएकोसम्वन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकारलाई कृषि तथा वन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सिद्धान्त क्याम्पस गैडाकोट नवलपरासी (सुस्तापूर्व) मा शैक्षिक बर्ष २०७८/०७९ सालको लागि स्नातक तहको BSc Forestry विषयमा निशुल्क अध्ययनार्थ ५ जना विद्यार्थी छात्रवृत्तिमा छनौट गर्न लेखी आएकोमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८ साल चैत्र १० गतेको निर्णयअनुसार रीतपूर्वक योग्यताक्रम सूची प्रकाशन गरिएको र सो प्रकाशित योग्यता सूचीउपर तथ्यगत दाविविरोध नपरेकोले सोही सूचीका आधारमा साधारण तथा समूहगत रूपमा देहायअनुसारको उम्मेदवारहरूलाई मन्त्रालयको निर्णयअनुसार पूर्वमनोनयन गरी सूची प्रकाशन गरिएको छ ।पूर्वमनोनयन भएका उम्मेदवारहरूका विषयमा कुनै तथ्यगत दावि विरोध भएमा २०७८ साल चैत्र २० गतेभित्र दाविविरोध पेश गर्न तथा पूर्वमनोनयनमा परेका उम्मेदवारले अध्ययनको लागि समर्थ वा असमर्थ किटान गरी २०७८ साल चैत्र २७ गतेभित्र applyscholarship@moest.gov.np मार्फत लिखित निवेदन पठाउनु हुन जानकारी गराइन्छ । अध्ययन गर्न समर्थ भन्ने उम्मेदवारले निवेदन (क) र असमर्थ भन्ने उम्मेदवारले निवेदन (ख) को ढाँचामा पठाउनु पर्ने छ ।पूर्वमनोनयन सूचीमा परेका कुनै उम्मेदवारले अध्ययन असमर्थता प्रकट गरी निवेदन पठाएमा वैकल्पिक उम्मेदवारलाई मनोनयन गरिने छ ।मनोनयन भइसकेपछि असमर्थ भएको निवेदन पेश गर्न नपाइने भएकाले अध्ययन गर्न इच्छुक हो होइन यसै अवधिमा निश्चित भएर निर्णय गरी निवेदन पठाउन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।निवेदन पठाएका उम्मेदवारले आफ्नो निवेदन पुगेनपुगेको सुनिश्चित गर्न छात्रवृत्ति शाखाको फोन ०१-४४१८१६९ मार्फत कार्यालय समयमा सम्पर्क गर्नु पर्ने छ ।

तपसिल
क) पूर्वमनोनयन गरिएका उम्मेदवारहरू

**Ministry of Education, Science and Technology**
**Scholarship Section, Kesharmahal**
Pre- Nomination in BSc Forestry Scholarship based on MOEST Merit list 2078,

BSc Forestry AFU affiliated Sidhanta Campus Gaidakot

| SN | MoE RN | Name of the Candidates | Gender | Obtained Score | AFU Rank | MOEST Rank | PN Group |
|---|---|---|---|---|---|---|---|
| 1 | 6 | Chakra Dhakal | M | 69 | 319 | 1 | General |
| 2 | 2 | Aman Kumar Sah | M | 66 | 405 | 3 | General |
| 3 | 5 | Ramesh Rawat | M | 65 | 418 | 4 | General |
| 4 | 4 | Animesh Acharya | M | 64 | 430 | 5 | General |
| Reservation: Female (Other School Group) | | | | | | | |
| 1 | 7 | Manita Basnet | F | 66 | 391 | 1 | Female-1 |

२.निवेदन ढाँचा

निवेदन (क)

मितिः २०७८/१२/

श्री प्रमुखज्यू
छात्रवृत्ति शाखा
श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल काठमाडौं

विषयः अध्ययन गर्न इच्छुक भएको सम्बन्धमा

महोदय
प्रस्तुत विषयमा मिति २०७८ साल चैत्र १७ गते शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको वेभसाइटमा प्रकाशित सूचनाअनुसार कृषि तथा वनविज्ञान विश्वविद्यालय अन्तर्गत सिद्धान्त क्याम्पस गैंडाकोटमा शैक्षिक सत्र २०७८/०७९ का लागि निशुल्क अध्ययन छात्रवृत्तिमा मेरो नाम पनि पूर्वमनोनयन सूचीमा साधारण/आरक्षण (महिला) समूहमा प्रकाशन भएको तथा म अध्ययन गर्न इच्छुक भएको व्यहोरा निवेदन गर्दछु । मनोनयन भइसकेपछि अध्ययन असमर्थ भएको निवेदन गर्ने छैन ।

निवेदक
नामः श्री.....................
योग्यताक्रमः
हस्ताक्षरः
फोन नः

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदन (ख)

मितिः २०७८/१२/

श्री प्रमुखज्यू
छात्रवृत्ति शाखा
श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल काठमाडौं

विषयः अध्ययन असमर्थता बारे

महोदय
प्रस्तुत विषयमा मिति २०७८ साल चैत्र १७ गते शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको वेभसाइटमा प्रकाशित सूचनाअनुसार कृषि तथा वनविज्ञान विश्वविद्यालय अन्तर्गत सिद्धान्त क्याम्पस गैंडाकोटमा शैक्षिक सत्र २०७८/०७९ का लागि निशुल्क अध्ययन छात्रवृत्तिमा मेरो नाम पनि पूर्वमनोनयन सूचीमा साधारण/आरक्षण (महिला) समूहमा प्रकाशन भएकोमा मेरो व्यक्तिगत कारणले अध्ययन गर्न जान असमर्थ भएको हुँदा पूर्वमनोनयन सूचीबाट मेरो नाम हटाइदिनु हुन राजी खुसीसाथ यो निवेदन पठाएको छु ।

निवेदक
नामः श्री....................
योग्यताक्रमः
हस्ताक्षरः
फोन नः

| दायाँ | बायाँ |
|---|---|
| | |